# जिल्ला वन पैदावार आपूर्ति समिति डडेल्धुराको
# वार्षिक कार्ययोजना
## आ.व. २०८१/०८२

प्रदेश सरकार, सुदूरपश्चिम प्रदेश, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको मिति २०८२।१।१८ को ... स्तरको निर्णय अनुसार स्वीकृत भएको।

## <u>पेश गरेको निकाय</u>

वन निर्देशनालय

सुदूरपश्चिम प्रदेश

मार्फत

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय सुदूरश्चिम प्रदेश

धनगढी, कैलाली

सुदूरपश्चिम प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय
डडेल्धुरा

## <u>तयार गर्ने निकाय</u>

# जिल्ला वन पैदावार आपूर्ति समिति
# डडेल्धुरा

सुदूरपश्चिम प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
धनगढी, कैलाली, २०७४

# विषय सूचि

सुदूरपश्चिम प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय
डडेल्धुरा

भाग १ पृष्ठभूमि.......................................................
भाग २ विगतको वर्षहरुमा सम्पादन भएको कामको समिक्षा..........................
भाग ३ आ.व. २०८१/०८२ को कार्ययोजना.....................................
भाग ४ विविध.........................................................
भाग ५ सन्दर्भ सामाग्री...................................................

# भाग १
# पृष्ठभुमि

## १. परिचय
घर निर्माणको लागि काठ र ईन्धनको रुपमा प्रयोग गर्न दाउराको लागि प्रायः स्थानिय जनता वनमा निर्भर हुदै आएकाले सर्वसाधारण जनताको घरकाज,जनसहभागिताद्वारा सञ्चालन गरिने साना विकास निर्माण योजना, प्राकृतिक प्रकोप, कृषि औजार तथा धार्मिक प्रयोजनका लागि आवश्यक पर्ने काठ, दाउरा उपलब्ध गराउने कार्यलाई व्यवस्थित, पारदर्शी, सरल एवमं विवाद रहित किसिमले सम्पादन गरी सेवा उपलब्ध गराउने उद्देश्यले वन नियमावली, २०५१ को नियम ९ बमोजिम जिल्ला वन पैदावार आपुर्ति समितिको गठन गर्ने व्यवस्था भए अनुसार नेपाल सरकारद्वारा राजपत्रमा सुचना प्रकाशन गरी मिति २०५६ साल कार्तिक ८ गते देखि जिल्ला वन पैदावार आपुर्ति समिति गठन भएको थियो । वन नियमावली २०७९ को नियम २१ को उप नियम १ र सुदुरपश्चिम प्रदेश वन ऐन २०७७ को दफा ७७ उप दफा १ बमोजिम डडेल्धुरा जिल्लामा पनि देहाय बमोजिमका पदाधिकारी रहेको जिल्ला वन पैदावार आपुर्ति समिति गठन गरिएको छ ।

## २. प्रस्तावना
जिल्लाका जनताहरुलाई अति आवश्यक पर्ने वन पैदावार सरल सहज र सुलभ ढंगवाट आपूर्ति गर्न नेपाल सरकारले जिल्ला वन पैदावार आपूर्ति समितिको नीतिगत व्यवस्था गर्दै आएको छ । विभिन्न विकास निर्माण काम देखि लिएर दैनिक आवश्यक पर्ने ईन्धनको रुपमा प्रयोग गरिने दाउरा, निर्माण सामाग्रीको रुपमा काठ कृषि औजार आदिको सर्ब सुलभ विकल्प नुहँदा वनको संरक्षणमा कठिनाई उत्पन्न हुने र सर्बसाधारण जनताहरुमा वन प्रति नकारात्मक धारणा सृजना हुन सक्ने सम्भावनालाई मध्यनजर राखी यस जिल्लामा जिल्ला वन पैदावार आपूर्ति समिति मार्फत जनतालाई आवश्यक पर्ने काठ र दाउरा, हलो, जुवा, हेगा जस्ता प्रत्यक्ष सरोकार राखे वन पैदावारहरु सुलभ र सरल तरिकाले जनतालाई आपूर्ति होस भन्ने उद्देश्यले जिल्ला वन पैदावार आपूर्ति समितिको कार्यविधि निर्देशिका पहिलो संशोधन २०७३ तथा वन तथा वातावरण मन्त्रालयको अधिनमा रहि गत आ.व.हरुमा कार्ययोजना बनाई वन तथा भू संरक्षण विभागवाट स्विकृत गराई काठ।दाउराको बिक्रिवितरण गरिएको थियो ।

सुदूरपश्चिम प्रदेश वन ऐन २०७७ को दफा ७६ मा जिल्ला वन पैदावार आपूर्ति सम्बन्धी व्यवस्था गरेको पाईन्छ । डिभिजन वन कार्यालय र वन उपभोक्ता समूहले काठ र दाउरा संकलन पश्चात बिक्री गर्नु अगाडि सवै गुणस्तरको समानुपातिक परिमाण मिलाएर कम्तीमा तीस प्रतिशत काठ।दाउरा विपद् व्यवस्थापन घरकाज कृषि औजार धार्मिक तथा साँस्कृतिक कार्य शव दहन र अत्यावश्यक स्थानीय विकास निर्माण कार्यमा समूह वाहिरका व्यक्ति संघ संस्थाको प्रयोगका लागि छुट्याउने भनि उल्लेख गरेको पाईन्छ ।सो ऐनमा डिभिजन वन कार्यालयका डिभिजनल वन अधिकृतले तोकेको सहायक वन अधिकृत सदस्य सचिव रहने छ भनी दफा ७७ (च) मा उल्लेख भएको पाईन्छ ।

तसर्थ डिभिजन वन कार्यालय डडेल्धुराका डिभिजलन वन अधिकृतले जिल्ला वन पैदावार आपूर्ति समितिको अध्यक्षता गर्ने र डिभिजनल वन अधिकृतले तोकेको सहायक वन अधिकृतले सदस्य सचिवको रुपमा काम गर्ने र कार्यालयको कार्यक्षेत्रका बासिन्दालाई डिभिजन वन कार्यालयबाट उत्पादित वन पैदावार उपलव्ध गराएर सेवा उपलव्ध गराउने गरी यो कार्ययोजना निर्माण गरिएको छ ।

## ३. उद्देश्यहरु

जिल्लाका स्थानीय सर्वसाधारण जनता, संघ/संस्थालाई आवश्यक पर्ने काठ/दाउरा सरल तथा सुलभ ढंगवाट उपलब्ध गराउनु नै जिल्ला वन पैदावार आपूर्ति समितिको मुलभुत उद्देश्य रहेको छ । सुदूरपश्चिम प्रदेश वन ऐन २०७७ को दफा ७६ मा भएको व्यवस्था वमोजिम समितिवाट निम्न लिखित प्रयोजनको लागि काठ दाउरा आपूर्ति गरिनेछ ।

क. विपद् व्यवस्थापन/ प्राकृतिक प्रकोप ।

ख. घरकाज (घर निर्माण/घर मर्मत) ।

ग. कृषि औजार ।

घ. धार्मिक तथा साँस्कृतिक कार्य ।

ङ. शव दहन कार्य ।

च. अत्यावश्यक स्थानीय विकास निर्माण कार्य ।

## ४. गठन-विधि

सुदूरपश्चिम प्रदेश वन ऐन २०७७ को दफा ७७ मा भएको व्यवस्था अनुसार तपसिल वमोजिमको जिल्ला वन पैदावार आपूर्ति समितिको गठन गरि सञ्चालन गरिनेछ ।

क. डिभिजनल वन अधिकृत, डिभिजन वन कार्यालय डडेल्धुरा ..............................अध्यक्ष

ख. सहायक प्रमुख जिल्ला अधिकारी वा प्रमुख जिल्ला अधिकारीले तोकेको अधिकृत प्रतिनिधि ..........................................................................................................सदस्य

ग. जिल्ला स्थित प्रदेश सरकारको लेखा हेर्ने कार्यालयको प्रतिनिधि............................. सदस्य

घ. प्रदेश मन्त्रालयवाट मनोनित सम्वन्धित डिभिजन वन कार्यालयको कार्यक्षेत्र भित्रका एक जना महिला सहित तीन जना...........................................................................................सदस्य

ङ. जिल्ला समन्वय समितिले तोकेको जनप्रतिनिधि...........................................................सदस्य

च. डिभिजनल वन अधिकृतले तोकेको सहायक वन अधिकृत ...........................सदस्य सचिव

## ५. काठ/दाउराको आपूर्ति व्यवस्था (काठ/दाउरा संकलन श्रोत)

डिभिजन वन कार्यालय डडेल्धुराले सरकारद्धारा ब्यवस्थित वन र वन उपभोक्ता समुहले काठ/दाउरा संकलन पश्चात बिक्रि गर्नु अगाडि सवै गुणस्तरको समानुपातिक परिमाण मिलाएर कम्तीमा तीस प्रतिशत काठ/दाउरा विपद् व्यवस्थापन घरकाज कृषि औजार धार्मिक तथा साँस्कृतिक कार्य शव दहन र अत्यावश्यक स्थानिय विकास निर्माण कार्यमा समुह वाहिरका व्यक्ति, संघ संस्थाको प्रयोगको लागि छुट्याउनु पर्ने भनि सुदूरपश्चिम प्रदेश वन ऐन २०७७ मा भएको व्यवस्था र वन नियमावली २०७९ को नियम २२ उपनियम (१) वमोजिम डिभिजनल वन अधिकृतले यस समितिलाई काठ दाउरा उपलब्ध गराउनु पर्नेछ र सोही नियमको उपनियम (४) वमोजिम आन्तरिक खपत पश्चात बाह्य बिक्री

वितरणको लागि छुट्याईएको काठ दाउरा मध्ये २५ प्रतिशत काठ दाउरा यस समितिले सामुदायिक वन उपभोक्ता समुहहरुवाट प्राप्त गर्नेछ ।

सुदूरपश्चिम प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय वन निर्देशनालय डिभिजन वन कार्यालय डडेल्धुरा

## ६. काठ/दाउरा विक्रि वितरण व्यवस्था

जिल्लामा रहेका वन क्षेत्रवाट प्राप्त हुने काठ/दाउराहरुलाई उपयुक्त वितरण प्रणालीको विकास गरी प्राप्त वन पैदावारलाई स्थानीय जनताहरुमा विक्रि वितरण गरिनेछ । विक्रि वितरण गर्दा सामुदायिक वन तथा अन्य श्रोतवाट काठ/दाउरा प्राप्त नहुने/गर्न नसक्ने क्षेत्र/व्यक्ति/संघ-संस्थाहरुलाई विशेष प्राथमिकता दिईनेछ ।स्थानीय स्तरमा जनसहभागितामा सम्पन्न हुने विकास निर्माणका कार्यहरु, व्यक्ति विशेषको निजी घर निर्माण, मर्मत, दाह संस्कार, आगलागी तथा प्राकृतिक प्रकोपको डिपो स्थापना गरी विक्रि वितरण गर्ने र गराउने व्यवस्था गरिनेछ। आवश्यक रहेका स्थानहरुमा स्थानीय सामुदायिक वन उपभोक्ता समुह तथा स्थानिय तहहरुसँग समन्वय गरी डिपो स्थापना गरी वन पैदावारको सहज आपूर्तिको व्यवस्था मिलाईनेछ ।हाललाई यस समितिले गोलिया काठ र दाउरा मात्र विक्रि वितरण गर्नेछ ।

## ७. काठ/दाउराको मुल्य निर्धारण

काठ/दाउराको मुल्यको हकमा काठ/दाउराको राजश्व, संकलन खर्च, विभिन्न कर तथा सेवा शुल्कहरु समावेश गरी कायम हुने मुल्यमा विक्रि वितरण गरिनेछ । वन नियमावली २०७९ को नियम १८ (क) अनुसूची ६ मा उल्लेखित राजश्व दर र प्रावधान साथै सुदूरपश्चिम प्रदेश वन ऐन २०७७ को दफा ७७ मा भएको व्यवस्था समेतलाई मध्यनजर गरि काठ/दाउराको विक्रि मुल्य कायम गरिनेछ ।

## ८. समितवाट काठ/दाउरा वितरण गर्दा पुरा गर्नुपर्ने प्रकृयाहरु

सुदूरपश्चिम प्रदेश वन ऐन २०७७, जिल्ला वन पैदावार आपूर्ति समितिको कार्यविधि निर्देशिका (पहिलो संशोधन) २०७३ तथा उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय सुदूरपश्चिम प्रदेश, वन निर्देशनालयवाट प्राप्त हुने निर्देशनहरु समेतलाई दृष्टिगत गरी समितिको निर्णयबाट कार्य सञ्चालन गरिनेछ। जिल्ला वन पैदावार आपूर्ति समितिको यस कार्ययोजना आपूर्ति समितिले सिफारिस/अनुमोदन गरि वन निर्देशनालय सुदूरपश्चिम प्रदेशमा पेश भए पश्चात उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय सुदूरपश्चिम प्रदेश धनगढीबाट स्विकृत भएपछि काठ/दाउराको विक्रि वितरण कार्य सञ्चालन हुनेछ। काठ/दाउराको माग सम्वन्धि निवेदनको अनुगमन निरिक्षण गर्न तीन सदस्यीय एक अनुगमन समिति गठन गरिनेछ जुन निम्नानुसार हुनेछ ।यस समितिवाट अनुगमन निरक्षण भई प्रतिवेदन प्राप्त भएपछि समितिद्वारा काठ/दाउरा विक्रि वितरण गरिनेछ ।

- जिल्ला वन पैदावार आपुर्ति समितिले तोकेको प्रतिनिधि वा कर्मचारी १ जना
- जिल्ला वन पैदावार आपुर्ति समितिले तोकेको वन कार्यालयका कर्मचारी २ जना

### (क) बिपतमा परेका परिवारको घर गोठ निर्माण तथा पुनर्निर्माण

जिल्ला विपद व्यवस्थापन समितिको सिफारिसमा प्राकृतिक प्रकोप पिडित परिवारहरुलाई काठ ४० क्यूफिटसम्म (गोलिया वितरण गरेको खण्डमा ४ फिट गोलाई सम्मको काठ) र दाउरा ०.२५ चट्टा

निम्न कागजात प्रमाण पेश गरेमा उपलव्ध गराईनेछ । बाढी, पहिरो, हावाहुरी, आगलागी आदि प्राकृतिक प्रकोपबाट पिडित व्यक्ति/परिवारलाई तोकिएको राजश्व मुल्यको १० प्रतिशत मुल्य मात्र लिईनेछ तर संकलन खर्च, मुल्य अभिवृद्धि कर र अग्रिम आयकर भने नियमानुसार लाग्नेछ ।

- जिल्ला विपद व्यवस्थापन समितिको सिफारिश पत्र ।
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी।
- जग्गाधनि प्रमाण पुर्जाको प्रतिलिपि ।
- जग्गाको सम्पत्ती कर तिरेको रसीदको प्रतिलिपि ।
- प्रहरी मुचुल्का ।

माथि उल्लेखित कागजात साथमा राखि रु १० को टिकट टाँस गरि पिडितले यस समितिमा निवेदन दिनुपर्नेछ ।

**(ख) घरकाजको रुपमा नया घर निर्माण**

नँया घर निर्माण गर्नका लागि निम्न तवरवाट काठ/दाउरा उपलव्ध गराईनेछ ।सम्वन्धित स्थानिय तहको स्विकृत नक्साको घरको साईज र तलाको आधारमा काठ वढीमा १०० क्यूफिट सम्म दिईने व्यवस्था भएता पनि जिल्ला वन पैदावार आपुर्ति समितिलाई प्राप्त हुन सक्ने काठ दाउराको अनुमानको आधारमा समितको निर्णय अनुसार काठ र दाउरा १ चट्टा दिईनेछ । त्यसका लागि तपसिलका कागजात पेश गर्नु पर्नेछ ।

- नेपाली नागरिकताको प्रतिलिपि
- सम्वन्धित स्थानिय तहको सिफारिस पत्र
- जग्गाधनि प्रमाण पुर्जाको प्रतिलिपि
- उक्त जग्गाको सम्पत्ती कर तिरेको रसीदको प्रतिलिपि
- घरको स्विकृत नक्सापासको प्रतिलिपि

**(ग) घरकाजको रुपमा घर मर्मत**

घर मर्मतका लागि काठ वढिमा ४० क्यूफिट सम्म दिइनेछ। काठ एक पटक प्राप्त गरेको व्यक्ति वा परिवारलाई ५ वर्ष सम्म पुन:उपलव्ध गराईने छैन। काठ प्रयोग गर्न चाहने व्यक्ति वा अन्य निकायहरुले रु १० को टिकट टाँसी निवेदन सहित निम्नानुसारका आवश्यक कागजातहरु निवेदन साथ पेश गर्नुपर्ने छ ।

- नेपाली नागरिकताको प्रतिलिपि
- सम्वन्धित स्थानिय तहको सिफारिस पत्र
- जग्गाधनि प्रमाण पुर्जाको प्रतिलिपि
- उक्त जग्गाको सम्पत्ती कर तिरेको रसीदको प्रतिलिपि
- घरको स्विकृत नक्सापासको प्रतिलिपि

**(घ) किसान परिवार वा कृषक समूहले निर्माण तथा उपयोग गर्ने कृषि औजार**

यस प्रयोगजनका लागि निम्न कागजातहरुको आधारमा प्रति परिवारलाई वर्षमा एक पटक काठ ७ क्युफिट (४ फिट गोलाई सम्मको) नवढाई उपलव्ध गराईनेछ । कृषि औजार र कृषिमा आधारित

# भाग ३

## आ व २०८१/०८२ को कार्ययोजना

विगतका वर्षहरुको कार्ययोजना कार्यान्वयनको अवस्था घर निर्माणका लागि उपभोक्ताहरुको वढ्दो माग र चासो र ऐन नियमहरुमा भएको प्रावधनहरु समेतलाई आधार मानि यस आर्थिक वर्षको लागि कार्ययोजना तयार गरिएको छ । विगतका वर्षहरुमा काठ/दाउराको न्यून विक्रिवितरणले गर्दा यस समितिमा पर्याप्त मात्रामा रकम छैन तसर्थ चालु आ व मा काठ/दाउरा विक्रि वितरण सुचारु भई खुद मुनाफा आर्जन हुन थाले पछि पुन: थप कृयाकलापहरु वनाई वन निर्देशनालय मार्फत उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय सुदूरपश्चिम प्रदेशबाट स्विकृत गराई कार्यान्वयन गरिनेछ ।

### ३.१ आ.ब. २०८१/०८२ को लागि काठ दाउरा विक्री मूल्यसुची

जिल्ला वन पैदावार आपुर्ति समितिको कार्यविधि निर्देशिका २०७३, वन नियमावली २०७९, सुदूरपश्चिम प्रदेश वन ऐन २०७७ र यस जिल्ला वन पैदावार आपूर्ति समितिले गत विगत वर्षहरु देखि नै गर्दै आइरहेको काठ/दाउराको बिक्री बितरणको आधारमा माग तथा आपूर्तिको अवस्था विश्लेषण गरी आर्थिक वर्ष २०८१/०८२ को लागि निम्नानुसार तालिका नं ८ बमोजिमको मूल्य कायम गरिएको छ ।यस समितिलाई काठ/दाउरा प्रदान गर्ने स्रोत तथा संकलन खर्चमा हुन सक्ने परिर्वतनका कारणले काठ/दाउराको मुल्य परिवर्तन हुन सक्नेछ।दाउरा विक्रिवितरण गर्दा वन नियमावली २०७९ को नियम १८ (क) अनुसुची-६ मा उल्लेखित प्रति क्यु.फि. मूल्यमा तल उल्लेखित तालिका वमोजिमको संकलन खर्च लगायतका अन्य खर्चहरु जोडी के.जी. को हिसावमा पनि विक्रि वितरण गर्न सकिनेछ ।

तालिका

## ...ग ६ आ.व. २०८१/०८२ मा जिल्ला वन पैदावार आपूर्ति समिति डडेल्धुरावाट विक्री हुने काठ/दाउराको मूल्य सूची ६(क) काठको मूल्य सूची

| प्रयोजन | गोलिया काठको मूल्य सूची प्रति घन फिट | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | जात | ग्रेड | राजश्व रु. | संकलन खर्च रु. | समिति शुल्क रु. | मु.अ.कर रु. | आय कर रु. | जम्म मूल्य रु. | कैफियत |
| विपद व्यवस्थापन प्राकृतिक प्रकोप | साल | ए | १२५ | १६२ | ० | ३७.३१ | ४.३०५ | ३२८.६२ | वन नियामावली २०७९ को अनुसुची ६ को द्रष्टव्य (१) बमोजिम विपद मा परेका परिवार लाई मूल्य को १०% मूल्य मात्र लिने व्यवस्था रहेको |
| | | वि | ९० | १६२ | ० | ३२.७६ | ३.७८ | २८८.५४ | |
| | | सि | ६० | १६२ | ० | २८.८६ | ३.३३ | २५४.१९ | |
| | | डि | ३० | १६२ | ० | २४.९६ | २.८८ | २१९.८४ | |
| घरकाज | साल | ए | १२५० | १६२ | २८२.४ | १८३.५६ | २१.१८ | १८९९.१ | |
| | | वि | ९०० | १६२ | २१२.४ | १३८.०६ | १५.९३ | १४२८.४ | |
| | | सि | ६०० | १६२ | १५२.४ | ९९.०६ | ११.४३ | १०२४.९ | |
| | | डि | ३०० | १६२ | ० | ६०.०६ | ६.९३ | ५२८.९९ | |
| कृषि औजार | साल | वि | ९०० | १६२ | २१२.४ | १३८.०६ | १५.९३ | १४२८.४ | कृषि औजारको लागी गोलाई ४ फिट सम्मको गोलिया काठ (निर्देशिकको दफा ८-१-च) मात्र दिने व्यवस्था कार्यविधिमा रहे वमोजिम वि, सि र डि ग्रेडको काठ मात्र दिईने |
| | | सि | ६०० | १६२ | १५२.४ | ९९.०६ | ११.४३ | १०२४.९ | |
| | | डि | ३०० | १६२ | ० | ६०.०६ | ६.९३ | ५२८.९९ | |
| धार्मिक तथा सांस्कृतिक कार्य | साल | ए | १२५० | १६२ | २८२.४ | १८३.५६ | २१.१८ | १८९९.१ | |
| | | वि | ९०० | १६२ | २१२.४ | १३८.०६ | १५.९३ | १४२८.४ | |
| | | सि | ६०० | १६२ | १५२.४ | ९९.०६ | ११.४३ | १०२४.९ | |
| | | डि | ३०० | १६२ | ० | ६०.०६ | ६.९३ | ५२८.९९ | |
| अत्यावश्यक स्थानिय विकास निर्माण कार्य | साल | ए | १२५० | १६२ | २८२.४ | १८३.५६ | २१.१८ | १८९९.१ | |
| | | वि | ९०० | १६२ | २१२.४ | १३८.०६ | १५.९३ | १४२८.४ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | सि | ६०० | १६२ | १५२.४ | ९९.०६ | ११.४३ | १०२४.९ | |
| | | डि | ३०० | १६२ | ० | ६०.०६ | ६.९३ | ५२८.९९ | |
| घरकाज | सादन | | ३०० | १६२ | ९२.४ | ६०.०६ | ६.९३ | ६२१.३९ | |
| | सिसौ प्रजातिको हकमा प्रचलित वन नियमावली २०७९ ले तोकेको राजस्वमा संकलन खर्च, समिति शुल्क (राजस्व र संकलन खर्चको जोडले हुने रकमको २०% रकम), मु.अ.कर (राजस्व र संकलन खर्चको जोडले हुने रकमको १३ % रकम) र आयकर (राजस्व र संकलन खर्चको जोडले हुने रकमको १.५ % रकम) जोडेर हुने जम्मा रकमलाई मूल्य मानी दररेट कायम गरिने छ । | | | | | | | | बिपद व्यवस्थापन तथा प्राकृतिक प्रकोपको लागि बितरण गरिने काठको हकमा वन नियामावली २०७९ को अनुसुची ६ को द्रष्टब्य (१) बमोजिम विपद मा परेका परिवार लाई मूल्य को १०% मूल्य मात्र लिने व्यवस्था रहेकोले सोही अनुसार मूल्य लिईने । |
| रकाज, कृषि औजार, धार्मिक तथा सांस्कृतिक कार्य, त्यावश्यक स्थानिय विकास निर्माण कार्य | प्रचलित वन नियमावली २०७९ ले तोकेको राजस्वमा संकलन खर्च, समिति शुल्क (राजस्व र संकलन खर्चको जोडले हुने रकमको १०% रकम), मु.अ.कर (राजस्व र संकलन खर्चको जोडले हुने रकमको १३ % रकम) र आयकर(राजस्व र संकलन खर्चको जोडले हुने रकमको १.५ % रकम) जोडेर हुने जम्मा रकमलाई मूल्य मानी दररेट कायम गरिने छ । | | | | | | | | |
| | बाँकी अन्य सबै प्रजातिको हकमा राजस्वमा संकलन खर्च, मु.अ.कर(राजस्व र संकलन खर्चको जोडले हुने रकमको १३ % रकम) र आयकर(राजस्व र संकलन खर्चको जोडले हुने रकमको १.५ % रकम) जोडेर हुने जम्मा रकमलाई मूल्य मानी दररेट कायम गरिने छ । | | | | | | | | |

दाउराको मुल्य सूची

| विवरण | दाउराको मूल्य सूची प्रति चट्टा | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | जात | राजश्व (रु) | संकलन खर्च (रु) | समिती शुल्क (रु) | मु अ कर (रु) | अ आय कर (रु) | जम्मा मुल्य (रु) | कैफियत |
| व्यवस्थापन/ दैवि प्रकोप | साल | ५०० | १५५०० | ० | २०८० | २४० | १८३२० | |
| | मिश्रीत | २५० | १५५०० | ० | २०४७.५ | २३६.२५ | १८०३३.८ | |
| ाज | साल | ५००० | १५५०० | ४१०० | २६६५ | ३०७.५ | २७५७२.५ | |
| | मिश्रीत | २५०० | १५५०० | ३६०० | २३४० | २७० | २४२१० | |
| क तथा साँस्कृति कार्य | साल | ५००० | १५५०० | ४१०० | २६६५ | ३०७.५ | २७५७२.५ | |
| | मिश्रीत | २५०० | १५५०० | ३६०० | २३४० | २७० | २४२१० | |
| सस्कार/शव दहन | साल | २००० | १५५०० | ० | २२७५ | २६२.५ | २००३७.५ | |
| | मिश्रीत | १००० | १५५०० | ० | २१४५ | २४७.५ | १८८९२.५ | |

आ.व. २०८१/०८२ मा काठ/दाउरा विक्रिवाट हुने अनुमानित आम्दानी

यस आ.व.मा तोकिए बमोजिमका सम्पूर्ण कार्यक्रम सञ्चालन गर्न सकेमा तालिका ७ बमोजिमको रकम संकलन हुने अनुमान गरिएको छ ।

तालिका ७ आ. व. २०८१/०८२ को अनुमानित आम्दानीको विवरण

| विवरण | काठ विक्रिवाट हुने आम्दानी | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | जात | अनुमानित परिमाण (क्यू फि) | राजश्व रु (प्रति क्यू.फि. औषत) | संकलन खर्च रू. ( प्रति क्यू.फि.) | समिती शुल्क रु (प्रति क्यू.फि. औषत) | मु अ कर रु.( प्रति क्यू.फि. औषत) | अ आय कर रु. ( प्रति क्यू.फि. औषत) | जम्मा मुल्य (रु) | कैफियत |
| द व्यवस्थापन/प्राकृतिक प्रकोप | साल | २००० | ६१.२५ | १६२ | ० | २९.०२ | ३.३४ | ५,११,२२०.० | |
| घरकाज | साल | ४००० | ६१२.५ | १६२ | १७९.६६ | १००.६८ | ११.६१ | ४२,६५,८००.० | |
| कृषि औजार | साल | ५०० | ४८३.३३ | १६२ | १५३.० | ८३.८९ | ९.६७ | ४,४५,९४५.०.० | |
| धार्मिक तथा साँस्कृतिक कार्य | साल | ३५०० | ६१२.५ | १६२ | १७९.६६ | १००.६८ | ११.६१ | ३७,३२,५७५.० | |
| त्यावश्यक स्थानीय विकास निर्माण कार्य | साल | २००० | ६१२.५ | १६२ | १७९.६६ | १००.६८ | ११.६१ | २,१३,२९००.० | |
| जम्मा | | १२००० | | | | | | १,१०,८८,४४०/- | |

## दाउरा विक्रिवाट हुने आम्दानी

| विवरण | जात | अनुमानित दाउरा चट्टा | राजश्व प्रति चट्ठा (रु) | संकलन खर्च प्रति चट्ठा (रु) | जम्मा मूल्य | समिति शुल्क (रु) | मु अ कर (रु) | अ आय कर (रु) | जम्मा मुल्य (रु) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| व्यवस्थापन/ दैवि ा | साल | १ | ५०० | १५५०० | १६,०००=० | ० | २०१५=० | २४०=० | १८,२५५=० | |
| ाज | साल | ५ | ५००० | १५५०० | १,०२,५००=० | २०५००.० | १०,०७५=० | १५३७=५ | १,३४,६१२=५ | |
| क तथा साँस्कृति | साल | २ | ५००० | १५५०० | ४१,०००=० | ८२००.० | ४०३०=० | ६१५=० | ५३८४५=० | |
| सस्कार/शव दहन | साल | २ | २००० | १५५०० | ३५,०००=० | ० | ४०३०=० | ५२५=० | ३९,५५५=० | |
| जम्मा | | १० | | | १,९४,५००=० | २८७००.० | २०,१५०=० | २,९१७.५ | २,४६,२६७.५ | |

## ३.३ आ.ब. २०८१/०८२ मा बिक्री बितरण गरिने काठ/दाउरा बाट प्राप्त हुने अनुमानित समिती सेवा शुल्क

*तालिका ८ आपूर्ति समितिबाट यस आ.ब.मा काठ/दाउरा बिक्री बितरण गर्दा प्राप्त हुने अनुमानित समिती शुल्क*

| शिर्षक | जात | वितरण गरिने काठ परिमाण क्यू फि | काठ वाट जम्मा समिति शुल्क रु | वितरण गरिने दाउरा चट्टा | दाउरा वाट जम्मा समिति शुल्क रु | काठ तथा दाउरा वाट जम्मा समिति शुल्क रु | कैफियत |
|---|---|---|---|---|---|---|---|
| विपद व्यवस्थापन/प्राकृतिक प्रकोप | साल | २००० | ० | १ | 0 | 0.00 | |
| घरकाज | साल | ४००० | ७१८६४०.० | ५ | २०५००.० | ७,३९,१४०.० | |
| कृषि औजार | साल | ५०० | ७६,५००.० | ०.० | ०.०० | ७६,५००.० | |
| धार्मिक तथा साँस्कृतिक कार्य | साल | ३५०० | ६२८८१०.० | २ | ८२००.० | ६,३७,०१.० | |
| दाह संस्कार / शव दहन | साल | ०.० | ०.० | २ | 0 | ०.०० | |
| अत्यावश्यक स्थानीय विकास निर्माण कार्य | साल | २००० | ३५९३२०.० | ० | ०.० | ३५९३२०.० | |
| जम्मा | | १२,०००.० | १७,८३,२७०.० | १० | २८,७००.० | १८,११,९७०.० | |

## ३.४ आ.ब. २०८१/०८२ मा बितरण गरिने काठ/दाउरा बाट प्राप्त हुने अनुमानित मुल्य अभिबृधि कर

*तालिका ९ : आपूर्ति समितिबाट यस आ.ब.मा काठ/दाउरा संकलन गर्दा प्राप्त हुने अनुमानित मु.अ.कर विवरण*

| शिर्षक | जात | वितरण गरिने काठ परिमाण क्यू फि | काठ वाट जम्मा मु अ कर रु | वितरण गरिने दाउरा चट्टा | दाउरा वाट जम्मा मु अ कर शुल्क रु | काठ तथा दाउरा वाट जम्मा मु अ कर शुल्क रु | कैफियत |
|---|---|---|---|---|---|---|---|
| विपद व्यवस्थापन/प्राकृतिक प्रकोप | साल | २००० | ५८०४०.० | १ | 2015=0 | ६०,०५५.० | |
| घरकाज | साल | ४००० | ४०२७२०.० | ५ | 10,075=0 | ४,१२,७९५.० | |
| कृषि औजार | साल | ५०० | ४१९४५.० | ०.० | | ४१,९४५.० | |
| धार्मिक तथा साँस्कृतिक कार्य | साल | ३५०० | ३५२३८०.० | २ | 4030=0 | ३,५६,४१०.० | |
| दाह संस्कार / शव दहन | साल | ० | ०.० | २ | 4030=0 | 4030=0 | |
| अत्यावश्यक स्थानीय विकास निर्माण कार्य | | २००० | २०१३६०.० | ० | ०.०० | २,०१,३६०.० | |
| जम्मा | | १२,००० | १०५६४४५.० | १० | 20,150=0 | १०७६५९५.० | |

## ३.५ आ.व २०८१/०८२ मा बितरण गरिने काठ/दाउरा बाट प्राप्त हुने अनुमानित अग्रिम आयकर

*तालिका १० आपूर्ति समितिबाट यस आ व मा काठ दाउरा संकलन गर्दा लाग्ने खर्चको अनुमानित अग्रिम आयकरको विवरण*

| शिर्षक | जात | वितरण गरिने काठ परिमाण क्यू फि | काठ वाट जम्मा अ. आय कर रु | वितरण गरिने दाउरा चट्टा | दाउरा वाट जम्मा अ. आय कर रु | काठ तथा दाउरा वाट जम्मा अ आय कर शुल्क रु | कैफियत |
|---|---|---|---|---|---|---|---|
| विपद व्यवस्थापन/प्राकृतिक प्रकोप | साल | २००० | ६,६८०.० | १ | २४०.० | ६,९२०.० | |
| घरकाज | साल | ४००० | ४६,४४०.० | ५ | १५३७.५ | ४७,९७७.५० | |
| कृषि औजार | साल | ५०० | ४,८३५.० | ०.० | ०.०० | ४८३५.० | |
| धार्मिक तथा साँस्कृतिक कार्य | साल | ३५०० | ४०,६३५.० | २ | ६१५.० | ४१२५०.० | |
| दाह संस्कार / शव दहन | साल | ० | ०.० | २ | ५२५.० | ५२५.० | |
| अत्यावश्यक स्थानीय विकास निर्माण कार्य | साल | २००० | २३,२२०.० | ० | ०.०० | २३२२० | |
| जम्मा | | १२,००० | १,२१,८१०.० | १० | २,९१७.५ | १,२४,७२७.५० | |

## ३.६ आ.व २०८१/०८२ मा प्राप्त गरिने काठ/दाउरा एवं संकलन खर्चको अनुमानित विवरण

*तालिका ११: आपूर्ति समितिबाट यस आ.व.मा काठ दाउरा संकलन गर्दा लाग्ने खर्चको अनुमानित विवरण*

| शिर्षक | जात | संकलन गरिने काठ परिमाण क्यू फि | काठको जम्मा संकलन लागत रु | संकलन गरिने दाउरा चट्टा | दाउराको जम्मा संकलन लागत रु | काठ तथा दाउराको जम्मा संकलन रु | कैफियत |
|---|---|---|---|---|---|---|---|
| विपद व्यवस्थापन/प्राकृतिक प्रकोप | साल | २००० | ३,२४,०००.० | १ | १५,५००.० | ३,३९,५००.० | |
| घरकाज | साल | ४००० | ६,४८,०००.० | ५ | ७७,५००.० | ७,२५,५००.० | |
| कृषि औजार | साल | ५०० | ८१,०००.० | ०.० | ०.० | ८१,०००.० | |
| धार्मिक तथा साँस्कृतिक कार्य | साल | ३५०० | ५,६७,०००.० | २ | ३१,०००.० | ५९८०००.० | |
| दाह संस्कार / शव दहन | साल | ० | ०.०० | २ | ३१,०००.० | ३१,०००.० | |
| अत्यावश्यक स्थानीय विकास निर्माण कार्य | साल | २००० | ३,२४,०००.० | ० | ०.०० | ३,२४,०००/.० | |
| जम्मा | | १२,००० | १९,४४,०००.० | १० | १,५५,०००.० | २०,९९,०००.० | |

## ३.७ आ व २०८१/०८२ मा आपूर्ति समितिले तिर्नु पर्ने राजश्व रकम

*तालिका १२ (लक्ष्य अनुसार काठ/दाउरा संकलन भएमा समितिले डिभिजन वन कार्यालय (सामुदायिक वन उपभोक्ता समूह) लाई बुझाउनुपर्ने राजश्व(काठ/दाउराको मूल्य) को विवरण )*

| शिर्षक | जात | काठ परिमाण क्यू फि | काठको मुल्य | काठको जम्मा अनुमानित मूल्य रु. | संकलन गरिने दाउरा चट्टा | दाउराको मुल्य रु | काठ तथा दाउराको जम्मा अनुमानित मुल्य रु | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| विपद व्यवस्थापन/प्राकृतिक प्रकोप | साल | २००० | रोयल्टीको १० प्रतिशत मात्र | १,२२,५००.० | १ | ५००.० | १,२३,०००.० | |
| घरकाज | साल | ४००० | ग्रेडिङ अनुसारको मुल्य | २४,५०,०००.० | ५ | २५,०००.० | २४,७५,०००.० | |
| कृषि औजार | साल | ५०० | ग्रेडिङ अनुसारको मुल्य | २,४१,६६५.५ | ०.० | ०.० | २,४१,६६५.५ | |
| धार्मिक तथा साँस्कृतिक कार्य | साल | ३५०० | ग्रेडिङ अनुसारको मुल्य | २१,४३,७५०.० | २ | १०,०००.० | २१५३७५०.० | |
| दाह संस्कार / शव दहन | साल | ० | | ० | २ | ४,०००.० | ४,०००.० | |
| अत्यावश्यक स्थानीय विकास निर्माण कार्य | साल | २००० | ग्रेडिङ अनुसारको मुल्य | १२,२५,०००.० | ० | ०.० | १२,२५,०००.० | |
| जम्मा | | १२,००० | | ६१,८२,९१५.५० | १० | ३९,५००.० | ६२,२२,४१५.५० | |

घरकाज, प्राकृतिक प्रकोप, दाह संस्कार र विकास निर्माणको लागि छुट्याएको काठ/दाउराको परिमाण मध्ये शिर्षक अनुसार माग घटवढ भएमा समितिले निर्णय गरेर वार्षिक परिमाणमा नवढ्ने गरी समायोजन गरी उपलब्ध गराउन सक्नेछ ।

## ३.८ आ.व. २०८१/०८२ मा आपूर्ति समितिले तिर्नु पर्ने संकलन खर्च रकम

*तालिका १३ .( लक्ष्य अनुसार काठ/दाउरा संकलन भएमा समितिले डिभिजन वन कार्यालय (सामुदायिक वन उपभोक्ता समूह) लाई बुझाउनुपर्ने काठ/दाउराको संकलन खर्च विवरण )*

| शिर्षक | जात | काठ परिमाण क्यू फि | काठको जम्मा अनुमानित संकलन खर्च रु. | दाउरा चट्टा | दाउराको जम्मा अनुमानित संकलन खर्च रु | काठ तथा दाउराको जम्मा अनुमानित संकलन खर्च रु | कैफियत |
|---|---|---|---|---|---|---|---|
| विपद व्यवस्थापन/प्राकृतिक | साल | २००० | ३२४००० | १ | १२,५००.०० | ३३६,५००.०० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| प्रकोप | | | | | | | |
| घरकाज | साल | ४००० | ६४८००० | ५ | ६२,५००.०० | ७१०,५००.०० | |
| कृषि औजार | साल | ५०० | ८१००० | ० | ०.०० | ८१,०००.०० | |
| धार्मिक तथा साँस्कृतिक कार्य | साल | ३५०० | ५६७००० | २ | २५,०००.०० | ५९२,०००.०० | |
| दाह संस्कार / शव दहन | साल | ० | ० | २ | २५,०००.०० | २५,०००.०० | |
| अत्यावश्यक स्थानीय विकास निर्माण कार्य | साल | २००० | ३२४००० | ० | ०.०० | ३२४,०००.०० | |
| जम्मा | | १२००० | १९४४००० | १० | १२५००० | २०६९००० | |

३.९ आ.व २०८१/०८२ को लागि कार्यालय व्यवस्थापन खर्च तथा कार्यक्रमको अनुमानित खर्च विवरण

आ.ब. २०८१/०८२ को लागि कार्यालय व्यवस्थापन तथा कार्यक्रम खर्च तर्फ गरी कुल जम्मा रु. ३२६९३२१.३ अनुमानित खर्च प्रस्ताव गरिएको छ ।

तालिका १४ आ.ब. २०८१/०८२ को लागि प्रस्तावित खर्च विवरण

क) कार्यालय व्यवस्थापन खर्च

| सि न | कृयाकलाप | रकम रु | पुष्ट्याई |
|---|---|---|---|
| १ | समिति वैठक भत्ता र खाजा खर्च | १००,०००.०० | वैठकको लागि |
| २ | कर्मचारी प्रोत्साहन भत्ता | १७१,०००.०० | प्रति महिनाका दरले 6 महिनाको प्रोत्साहन भत्ता दिइने । |
| २.१ | डिभिजनल वन अधिकृत | ३०,०००.०० | |
| २.२ | सहयक वन अधिकृत | २७,०००.०० | |
| २.३ | लेखा अधिकृत / प्रशासन अधिकृत | २४,०००.०० | |
| २.४ | रेञ्जर/फरेष्टर/स.व.र. | २४,०००.०० | |
| २.५ | कम्प्युटर सहयोगी | १५,०००.०० | |
| २.६ | सवारी चालक | १५,०००.०० | |
| २.७ | २ जना वन रक्षक | २४,०००.०० | |
| २.८ | १ जना चौकिदार | १२,०००.०० | |
| ३ | कार्यालय संचालन सम्बन्धी खर्च | १००,०००.०० | कार्यालय संचालनका लागि ठेली छपाई,कागजात तथा अन्य मसलन्द समानहरु खरिद,सेवाग्राहीको काम समयमै सम्पन्न भई निजहरु लाभान्बित हुने । |

| | | | |
|---|---|---|---|
| ४ | दैनिक भ्रमण भत्ता | १२०,०००.०० | समितिका पदाधिकारीहरुबाट काठ बिक्री वितरण गर्नू भन्दा अगाडी निर्माण स्थलको निरीक्षण र समितिको कामकाजको शिलशिलामा खटिने कर्मचारी÷पदाधिकारीहरु समेतलाई उपलव्ध गराउदा काममा प्रभावकारीता हूने र सेवाग्राहीको काम समयमा सम्पन्न भई आपुर्ति समिति प्रति जनताको विश्वास वढने । |
| ५ | इन्धन पेट्रोल/डिजल | १००,०००.०० | |
| ६ | विविध खर्च | ७०,०००.०० | |
| जम्मा | | ६६१,०००.०० | |

ख) कार्यक्रम तर्फको खर्च

| सि.नं. | कृयाकलापको नाम | ईकाइ | संख्या | दर | जम्मा रु | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | जी.पि.एस. (GPS) खरिद | गोटा | २ | ७५०००. | १५०,०००.०० | डि व का डडेल्धुराको लागि (आपूर्ति समिति प्रयोजन) |
| २ | कम्पुटर खरिद/ प्रिन्टर खरीद | गोटा | २ | १५०००० | ३००,०००.०० | |
| ३ | फर्निचर एण्ड फिक्चर्स | प्याकेज | १ | २००,०००.०० | २००,०००.०० | |
| ४ | कार्यालय परिसरमा रंगरोगन तथा मर्मत | प्याकेज | १ | ९५,०००.०० | ९५,०००.०० | |
| ५ | सब डिभिजन कार्यालयको बोर्ड निर्माण | गोटा | ८ | १२,०००.०० | ९६,०००.०० | |
| ६ | सामुदायिक वनमा लेखा तालिम | पटक | ८ | ५०,०००.०० | ४००,०००.०० | |
| ७ | वन व्यवस्थापन तालिम | पटक | ८ | ४०,०००.०० | ३२०,०००.०० | |
| ८ | वन रक्षकलाई वन मापन तालिम | पटक | १ | १२०,०००.०० | १२०,०००.०० | |
| ९ | अन्तरतह समन्वय गोष्ठि | पटक | ८ | ३०,०००.०० | २४०,०००.०० | |
| १० | इन्भटर खरिद | गोटा | १ | ९०,०००.०० | ९०,०००.०० | |
| ११ | मोटर साइकल खरिद | गोटा | १ | २८०,०००.०० | २८०,०००.०० | |
| १२ | बायोमेट्रिक इ हाजिर | प्याकेज | १ | ७०,०००.०० | ७०,०००.०० | |
| १३ | दिवस समारोह मनाउने | प्याकेज | १ | ५०,०००.०० | ५०,०००.०० | |
| १४ | सामुदायिक वन कार्योजना निर्माण | गोटा | ५ | २५,०००.०० | १२५,०००.०० | |
| १५ | सब डिभिजन मर्मत संभार तथा रंगरोगन | प्याकेज | १ | ७२,३२१.३० | ७२,३२१.३० | |
| कुल जम्मा | | | | | २,६०८,३२१.३० | |

## ३.९ आ. व. २०८१/०८२ को समष्टिगत अनुमानित आय व्ययको विवरण

तालिका १४ आ. व. २०८१/०८२ को समष्टिगत अनुमानित आय व्ययको विवरण (रु. मा)

| आय रू. | | | व्यय रू. | | | खुद वचत/आम्दानी रू. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | बिगत वर्षको मौज्दात | २०९०९६.३ | १ | राजश्व (सा .व.लाई ) | ७८३९६२५ | ७०६९२५ | |
| २ | काठ/दाउरा विक्रि मूल्य र संकलन खर्च | १०९२१३०० | २ | प्रशासनिक तथा कार्यालय संचालन खर्च र कार्यक्रम खर्च | ३२६९३२१ | | |
| ३ | समिति शुल्क | ३०६०२२५ | ३ | संकलन खर्च | २३७४७५० | | |
| ४ | मु.अ.कर तथा अग्रिम आयकर | ८७७३७३.७५ | ४ | मु.अ.कर तथा अग्रिम आयकर | ८७७३७३.७५ | | |
| जम्मा | | १५०६७९९५ | जम्मा | | १४३६१०७०.१ | | |

# भाग ४
## विविध

### ४.१ कार्यालय सम्वन्धि व्यवस्था

जिल्ला वन पैदावार आपूर्ति समिति डडेल्धुराको कार्यालय डिभिजन वन कार्यलाय डडेल्धुरा सँग समन्वय गरी डिभिजन वन कार्यालय डडेल्धुराको अन्य सुविधाहरु उपयोग गर्नुका साथै डिभिजन वन कार्यालय डडेल्धुराकै कम्पाउण्ड भित्र रहेको डिभिजन वन कार्यालयको भवनमा रही काम गर्नेछ ।

### ४.२ श्रेस्ता खाता सञ्चालन र लेखा परिक्षण

जिल्ला वन पैदावार आपूर्ति समिति डडेल्धुराको खाता राष्ट्रिय वाणिज्य वैक डडेल्धुरा शाखा ४०२०१००२०२०३०००० रहेको छ । सोही खातालाई निरन्तरता दिई यो कार्य योजना स्वीकृत भै कार्यान्वयनमा आए पछि अध्यक्ष वा सदस्य सचिव र डिभिजन वन कार्यालय डडेल्धुराको लेखा प्रमुखको सयुक्त दस्तखतबाट सञ्चालन गरिनेछ । यस समितिको आर्थिक ऐन नियम वमोजिम श्रेस्ता दुरुस्त राखी जिल्ला वन पैदावार आपूर्ति समिति कार्यविधि निर्देशिका २०७३ मा निर्दिष्ट गरे बमोजिम आ.ले.प. तथा म.ले.प. गराइनेछ ।

### ४.३ काठ/दाउरा विक्रि वितरण गर्ने तरिका

जिल्ला वन पैदावार आपूर्ति समितिमा डिभिजन वन कार्यालय डडेल्धुरा र त्यस अन्तर्गतका सामुदायिक वन उपभोक्ता समुहवाट प्राप्त वा आफैले संकलन गरेका वन पैदावारहरु डडेल्धुरा जिल्लाका सव डिभिजन वन कार्यालय र सामुदायिक वन उपभोक्ता समुहको क्षेत्रमा घाटगद्दि गरी डिपो कायम गरिनेछ । काठ/दाउराको आवेदकहरुलाई नियमानुसार यस कार्ययोजनाको अधिनमा रही वन पैदावार उपलव्ध गराइनेछ ।काठ/दाउरा उपलव्ध गराउदा जिल्ला वन पैदावार आपूर्ति समितिले कायम गरेको डिपोवाटै उपलव्ध गराइनेछ । यसरी काठ/दाउरा उपलव्ध गर्दा सकेसम्म पायक पर्ने डिपोबाट काठ/दाउरा उपलव्ध गराउने व्यवस्था मिलाइनेछ ।काठ विक्री विरतण गर्ने कार्य र घाटगद्दीमा रहेको काठको सुरक्षाको कार्यमा सम्वन्धित सव डिभिजन वन कार्यालय कर्मचारीहरुको सहयोग लिईनेछ ।

### ४.४ आर्थिक वर्षको अन्त्यमा मौज्दात रहेका वन पैदावारको सम्वन्धमा

आ व को अन्त्यमा विक्री वितरण नभै बाँकी रहेका वन पैदावारहरुलाई जिल्ला वन पैदावार आपूर्ति समितिको कार्यविधि निर्देशिका २०७३ अनुसार समितिको वैठक निर्णय गरि लिलाम विक्री गरिने वा अर्को आर्थिक वर्षमा विक्री वितरण गरिने वा सम्वन्धित डिभिजन वन कार्यालयलाई वा सामुदायिक वन उपभोक्ता समूहलाई फिर्ता गरिनेछ ।

४.५ अन्य प्रयोजनको लागि प्रयोग गर्न नपाईने

यस समितिवाट लिईएका वन पैदावारहरु जुन प्रयोजनका लागि लिईएको हो सोही प्रयोजनको लागि मात्र प्रयोग गर्नुपर्नेछ । अन्यत्र प्रयोग भएको पाइएमा विगो बरामद गरी प्रचलित ऐन नियम वमोजिम कार्वाही गरिनेछ । सो कार्यको लागि समितिले अनुगमनको व्यवस्था गर्नेछ । वन निर्देशनालय, डिभिजन वन कार्यालय र सव डिभिजन वन कार्यालयवाट नियमित अनुगमन गर्ने व्यवस्था मिलाइनेछ ।

४.६ आम्दानी रकमको प्रयोग गर्ने

यस समितिको आम्दानी रकम डडेल्धुरा जिल्लाको वनको संरक्षण र व्यवस्थापनको लागि समितिको निर्णय र वन निर्देशनालय र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय सुदूरश्चिम प्रदेश धनगढीको निर्देशनानुसार खर्च गर्न सकिनेछ ।

४.७ कार्यक्रम थप सम्वन्धमा

जिल्ला वन पैदावार आपूर्ति समितिको कार्यविधि निर्देशिका २०७३ को परिच्छेद २ मा भएको व्यवस्था अनुसार यस कार्ययोजनामा आपूर्ति समितिमा खटिने कर्मचारीहरुलाई प्रोत्साहन भत्ता र थप कार्यक्रमहरु समावेश गरी कार्यक्रम स्विकृत गराई कार्यान्वयन गरिनेछ ।

४.७ द्विविधा भएमा गर्ने

यस समितिको कार्य सञ्चालनमा कुनै द्विविधा भएमा समितिको निर्णयले र सो वाट पनि समाधान नभएमा वन निर्देशनालयको निर्देशनानुसार गरिनेछ ।

**भाग ५**

अनुसुची १

काठ दाउरा माग सम्वन्धि निवेदनको ढांचा

मिति २०८…/ /

टिकट रु १० को

श्रीमान अध्यक्ष ज्यु,
जिल्ला वन पैदावार आपुर्ति समिति, डडेल्धुरा ।

**विषयः- घर निर्माण/ मर्मत/……………………… को लागी काठ/दाउरा पांउ वारे ।**

महोदय,

मलाई मेरो आफ्नो नाममा हकभोग तथा दर्ता रहेको …………………नगरपालिका/गांउपालिका वडा नं…….. मा रहेको कित्ता नं……. को क्षेत्रफल भित्र ……. तले घर निर्माण गर्नु पर्ने /मर्मत गर्नु पर्ने/…………कृषी औजार बनाउनु पर्ने/…………. धार्मीक तथा सांस्कृतीक कार्य गर्नु पर्ने/घरकाज मा प्रयोग गर्नु पर्ने र सो सम्वन्धमा मेरो घरको नक्सा मिति …………… …मा सम्वन्धित नगरपालिका/गांउपालिका वाट स्वीकृत समेत भैसकेको हुंदा उक्त घर निर्माण, मर्मत/………………………………को लागी आवश्यक काठ/…………..उपलव्ध गराई दिनु हुन रु १० को टिकट टांसी यो निवेदन पेश गरेको छु । घर निर्माण मर्मतको/………………………… लागी मैले पाउने काठ/दाउरा अन्य कुनै प्रयोजन तथा विकी वितरण गर्ने छैन गरे कानुन वमोजिम सहने वुझाउने समेत अनुरोध छ ।

**निवेदक**
दस्तखत
नाम थर
ठेगाना
मोवाइल नं

**घर निर्माण,मर्मत/………….को लागी निवेदन साथ संलग्न हुनुपर्ने कागजातहरु**

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- जग्गाधनी प्रमाणपुर्जा प्रतिलिपि
- हालसालै तिरेको सम्पती करको रसिदको प्रतिलिपि
- स्थानिय तहको सिफारिस पत्र
- सम्वन्धित निकायवाट पास भएको नक्साको प्रतिलिपि

सुदूरपश्चिम प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय
डडेल्धुरा

# अनुसुची २

## अनुगमन समितिले अनुगमन गरी पेश गर्ने प्रतिवेदनको ढांचा

## स्थलगत अनुगमन विवरण

क। घर धनीको नाम थर र ठेगाना:
ख। घर निर्माण गरिने जग्गाको ठेगाना:

| निर्माण कार्यको हालको अवस्था | अवस्था | |
|---|---|---|
| १ जग खनेको | छ छैन | |
| २ निर्माण सामाग्री खसालेको | छ छैन | |
| ३ डि पि सी भएको | छ छैन | |
| ४ पिलर खडा भएको | छ छैन | |
| ५ दिवाल पुरा भएको | छ छैन | |
| ६ ढलान भएको | छ छैन | |
| ७ सवै स्ट्रक्चर वनेको झ्याल ढोका वांकी | छ छैन | |
| ८ अन्य माथि संग नमिल्ने भएमा कस्तो अवस्थामा छ खुलाउने | | |
| ९ जि पि एस लोकेसन | | |

ग घर कति तले र झ्याल तथा ढोकाको संख्याहरु
१ तला संख्या.......... २ झ्यालको संख्या.........३ ढोकाको संख्या..........
घ निजको घर निर्माण गर्दा खपत हुने अनुमानित काठ ............................... क्यु फिट

**रोहवर**

यो तंहा कार्यालयमा पेश गरेको निवेदन अनुसार घर निर्माण कार्यको लागी प्राप्त हुने काठ मैले जुन प्रयोजनको लागी प्राप्त गरेको हो सोही प्रयोजनमा मात्र प्रयोग गर्ने छु। सो काठ विकि वितरण गर्ने छैन गरे कानुन वमोजिम हुने सजाय भोग्न तयार छु भनि सहीछाप गर्ने जिल्ला डडेल्धुरा ..........................नगरपालिका/गांउपालिका वडा नं ...... वस्ने वर्ष ...... को ....................................

**स्थलगत अनुगमन कर्ता**

हामीले उक्त स्थानको स्थलगत निरिक्षण गरि पेश गरेको विवरण सही सांचो हो। यसमा कुनै फरक छैन। उक्त घर निर्माण कार्यमा निजले प्राप्त गर्ने काठ अनियमितता तथा विकी वितरण गर्दैन भनि लेखि लेखाइ समेत दिएको हुदा निज व्यक्तिलाई काठ उपलब्ध गराउन मनासिव देखिन्छ। साथै उक्त घरको निर्माण स्थलको रंगीन फोटो समेत यसै साथ संलग्न गरेका छौ

१ ....................................................संयोजक डिभिजन वन कार्यालयले तोकेको अधिकृत
२ .................................................... सदस्य सब डिभिजन वन कार्यालयले प्रमुख
३ ....................................................सदस्य मनोनित प्रतिनिधि

इति संम्वत .......... ...साल ..................महिनाको .........गते रोज..........शुभंम।

## सन्दर्भ सामाग्रीहरु

सुदूरपश्चिम प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय
डडेल्धुरा

- वन ऐन २०७६
- सुदूरपश्चिम प्रदेश वन ऐन २०७७
- वन नियमावली २०७९
- प्रदेश वन नियमावली २०७८
- वन पैदावार संकलन तथा विक्रि वितरण निर्देशिका २०७३
- जिल्ला वन पैदावार आपूर्ति समिति डडेलधुराको बिगत वर्षहरुको वार्षिक कार्ययोजनाहरु
- जिल्ला वन पैदावार आपूर्ति समितिको कार्यविधि (पहिलो संसोधन) निर्देशिका २०७३
- वन तथा भू संरक्षण विभागको विभिन्न परिपत्रहरु
- राष्ट्रिय जनगणाना २०७९, प्रारम्भिक प्रतिबेदन,
- जिल्ला वन पैदावार आपूर्ति समिति डडेल्धुरा र कंचनपुर का बार्षिक कार्ययोजनाहरु